ति : २०८०/०१/०३ गते (आइबार) | स्थान : पोखरा महानगरपालिका सभाहल

ठक संख्या : १७ औं | समय : विहान ७ : ३० बजे ।

खरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको औं कार्यपालिका बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| .सं. | | पदाधिकारीहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री धनराज आचार्य | प्रमुख | |
| २ | उपाध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | उप प्रमुख | |
| ३ | सचिव | श्री वीरेन्द्रदेव भारती | प्र.प्र.अ. | |
| | सदस्य | श्री शाहारा प्रधान | अध्यक्ष वडा नं.१ | |
| | सदस्य | श्री दिवसमान प्रधानाङ्ग | अध्यक्ष वडा नं.२ | |
| | सदस्य | श्री प्रकाशमान उदास | अध्यक्ष वडा नं.३ | |
| | सदस्य | श्री देव कृष्ण पराजुली | अध्यक्ष वडा नं.४ | |
| | सदस्य | श्री विष्णु प्रसाद बराल | अध्यक्ष वडा नं.५ | |
| | सदस्य | श्री विष्णु बहादुर भट्टराई | अध्यक्ष वडा नं.६ | |
| | सदस्य | श्री राममोहन आचार्य | अध्यक्ष वडा नं.७ | |
| | सदस्य | श्री रुद्रनाथ बराल | अध्यक्ष वडा नं.८ | |
| | सदस्य | श्री दिपेन्द्र मर्सानी | अध्यक्ष वडा नं.९ | |
| | सदस्य | श्री राजेश गुरुङ्ग | अध्यक्ष वडा नं.१० | |
| | सदस्य | श्री प्रेम प्रसाद कर्माचार्य | अध्यक्ष वडा नं.११ | |
| | सदस्य | श्री सन्तोष वास्तोला | अध्यक्ष वडा नं.१२ | |
| | सदस्य | श्री किरण बराल | अध्यक्ष वडा नं.१३ | |
| | सदस्य | श्री बोध बहादुर कार्की | अध्यक्ष वडा नं.१४ | |
| | सदस्य | श्री तोरण बहादुर बानिया | अध्यक्ष वडा नं.१५ | |
| | सदस्य | श्री अमृत शर्मा तिमिल्सीना | अध्यक्ष वडा नं.१६ | |
| | सदस्य | श्री राधिका कुमारी शाही | अध्यक्ष वडा नं.१७ | |

| | | | |
|---|---|---|---|
| सदस्य | श्री शिव प्रसाद तिमिल्सीना | अध्यक्ष वडा नं.१८ | [signature] |
| सदस्य | श्री पुष्पेन्द्र पाण्डे | अध्यक्ष वडा नं.१९ | [signature] |
| सदस्य | श्री गंगा बहादुर खत्री | अध्यक्ष वडा नं.२० | [signature] |
| सदस्य | श्री दिपक प्रसाद सुवेदी | अध्यक्ष वडा नं.२१ | |
| सदस्य | श्री हिमलाल बराल | अध्यक्ष वडा नं.२२ | [signature] |
| सदस्य | श्री रामकाजी गुरुङ्ग | अध्यक्ष वडा नं.२३ | [signature] |
| सदस्य | श्री भरत बहादुर अधिकारी | अध्यक्ष वडा नं.२४ | [signature] |
| सदस्य | श्री मोतिराज तिमिल्सीना | अध्यक्ष वडा नं.२५ | [signature] |
| सदस्य | श्री नरेन्द्र थापा | अध्यक्ष वडा नं.२६ | [signature] |
| सदस्य | श्री पूर्ण कुमार गुरुङ्ग | अध्यक्ष वडा नं.२७ | [signature] |
| सदस्य | श्री श्रीकृष्ण लामिछाने | अध्यक्ष वडा नं.२८ | [signature] |
| सदस्य | श्री श्रीप्रसाद गुरुङ्ग | अध्यक्ष वडा नं.२९ | [signature] |
| सदस्य | श्री दुर्गा प्रसाद सुवेदी | अध्यक्ष वडा नं.३० | [signature] |
| सदस्य | श्री ढकनाथ कडेल | अध्यक्ष वडा नं.३१ | [signature] |
| सदस्य | श्री अक्कल बहादुर कार्की | अध्यक्ष वडा नं.३२ | [signature] |
| सदस्य | श्री रामचन्द्र अधिकारी | अध्यक्ष वडा नं.३३ | [signature] |
| सदस्य | श्री दिपक घिमिरे | कार्यपालिका सदस्य | |
| सदस्य | श्री हरिमाया बिश्वकर्मा | कार्यपालिका सदस्य | [signature] |
| सदस्य | श्री गोविन्द तुलाचन | कार्यपालिका सदस्य | [signature] |
| सदस्य | श्री मन्दिरा परियार | कार्यपालिका सदस्य | [signature] |
| सदस्य | श्री धन कुमारी पोखेल | कार्यपालिका सदस्य | [signature] |
| सदस्य | श्री निर्मल दियाली | कार्यपालिका सदस्य | [signature] |
| सदस्य | श्री निर्मला पौडेल | कार्यपालिका सदस्य | |
| सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | कार्यपालिका सदस्य | [signature] |
| | श्री किरण प्रसाद कोइराला | वरिष्ठ प्रशासकीय अधिकृत आठौंतह | [signature] |

श्री ई. अशोक ढरी — सूचना प्र. अधिकृत

श्री धोलन्द्र शर्मा — सहयोगी

# पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

**कार्यपालिकाको सत्रौं बैठकको प्रस्तावहरु**

१. पोखरा महानगरपालिका पूर्वाधार निर्माण मापदण्ड अध्ययन प्रतिवेदन, २०७५ सम्बन्धमा ।

२. मेलमिलाप केन्द्र संचालन कार्यविधि, २०७९ सम्बन्धमा ।

३. सामुदायीक विधालयको साझेदारीमा सामाग्री खरिद कार्यविधि, २०७९ सम्बन्धमा ।

४. शहरी योजना आयोग गठन सम्बन्धमा ।

५. महानगरपालिका अन्तर्गत Water Enviornment Monitoring Section शाखा स्थापना गर्ने सम्बन्धमा ।

६. मानव तथा प्रकृति संरक्षण नेपालको विगत आ.व.को भुक्तानी बाँकी रकम सम्बन्धमा ।
(भुक्तानी दिन बाँकी रु. ५ लाख ३० हजार)

७. वडा नं. ६ चिसाखोला मार्ग चेक ड्याम निर्माण रु. २५६०००/- भुक्तानी सम्बन्धमा ।

८. वडा नं. ३३ चिसापानी सामुदायीक भवन निर्माणको भुक्तानी बाँकी सम्बन्धमा । (गत आ.व.को भुक्तानी बाँकी रु.३४६१६८/-)

. वडा नं. ११ अस्पताल चोकको सडक मापदण्ड भित्रको नीजि जग्गा सम्बन्धमा ।

०. भगवतीटार (वडा नं. २८) को भूउपयोग बर्गीकरणमा छुट भएको सम्बन्धमा ।

१. शिर्षक संशोधन सम्बन्धमा ।

| रातो किताबमा भएको नाम | संशोधन हुनपर्ने नाम | विनियोजित रकम रु. |
|---|---|---|
| खुला व्यायामशाला वडा नं. ३ | शारिरिक सुगठन क्लव वडा नं. ३ | ८,००००/- |
| जलेश्वर स्थित शवदाह स्थल पुल वडा नं. २९ | आनन्द धर्म चक्र गुम्बामा शौचालय निर्माण वडा नं. २९ | २५०००००/- |
| गडुवा खोला पुल निर्माण वडा नं. २९ | गडुवा खोला कल्भर्ट निर्माण वडा नं. २९ | ४५२८०००/- |

. शहरी स्वास्थ्य केन्द्र वडा नं ७ को भवन निर्माण सम्बन्धमा ।

वडा नं. २० को कार्यालय भवन निर्माण सम्बन्धमा ।

अटो ल्याण्ड व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा ।

सर्वोच्च अदालतको कर्मचारी सम्बन्धी पत्र सम्बन्धमा ।

शिक्षिका/सेविकाको म्याद थप सम्बन्धमा ।

## कार्यपालिकाको सत्रौं बैठकको निर्णयहरु ( २०८०/०१/०३)

निर्णय नं. १- पोखरा महानगरपालिकको पूर्वाधार निर्माण मापदण्ड अध्ययनको लागि गठित विज्ञ समितिको प्रतिबेदन, २०७५ माथि सुझाव संकलन गर्न गठित कार्यदललाई सुझाव दिन बाँकी वडा कार्यालयहरुबाट ७ सात दिन भित्र आ-आफ्नो सुझाव पेश गर्न र कार्यदलले आगामी बैठकमा सुझाव प्रस्तुत गर्ने ।

निर्णय नं. २- विधायन समितिबाट सिफारिस भै आएको पोखरा महानगरपालिका मेलमिलाप केन्द्र संचालन कार्यविधि, २०७९ माथि छलफल भै सर्वसहमतिले स्वीकृत गर्ने निर्णय भयो । कार्यविधि अनुसूची-१ मा संलग्न छ ।

निर्णय नं. ३. विधायन समितिबाट सिफारिस भै आएको पोखरा महानगरपालिका सामुदायीक विधालयको साझेदारीमा सामाग्री खरिद कार्यविधि, २०७९ माथि छलफल भै सर्वसहमतिले स्वीकृत गर्ने निर्णय गरियो । कार्यविधि अनुसूची-२ मा संलग्न छ ।

निर्णय नं. ४. पोखरा महानगरपालिकाको शहरी योजना आयोग गठनको लागि नियमानुसार उपयुक्त उमेद्वार छनौट गर्न खुला प्रस्ताव आव्हान गरी प्रक्रिया अघि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई जिम्मेवारी दिने ।

निर्णय नं. ५. पोखरा महानगरपालिका र JICA को सहमती अनुसार पोखरा महानगरपालिकामा खानेपानी प्रशोधन तथा लाईन विस्तार लगायत JICA को परियोजना समेत कार्य गर्ने गरी देहाय बमोजिम जनशक्ति रहको Water Enviornment Monitoring Section शाखा स्थापना गर्ने ।

निर्णय नं. ६ - भू उपयोग बर्गीकरण गर्दा छुट हुन गएको साविक भगवतीटार गा.वि.स. ( हाल वडा नं. २८) को जग्गा बर्गीकरणको लागि नापी कार्यालय कास्कीको सहयोग लिई बर्गीकरण प्रक्रिया अघि बढाउने ।

निर्णय नं. ७ - वडा कार्यालय बाट सिफारिस भै आए बमोजिम वार्षिक कार्यक्रममा (रातो किताब) उल्लेख भएको देहाय बमोजिमको योजनाको शीर्षक देहाय बमोजिम संशोधन गर्ने ।

| रातो किताबमा भएको नाम | संशोधन हुनपर्ने नाम | विनियोजित रकम रु. |
|---|---|---|
| खुला व्यायामशाला वडा नं. ३ | शारिरिक सुगठन क्लव वडा नं. ३ | ८,००००० /- |
| गडुवा खोला पुल निर्माण वडा नं. २९ र ३० | गडुवा खोला (PU Road) पुल निर्माण वडा नं. २९ र ३० | ४५२८००० /- |
| विपी स्मृति पुस्तकालय सहयोग अनुदान कार्यक्रम गण्डकी प्रदेश | विपी स्मृति पुस्तकालय पुस्तक खरिद, वडा नं.१२ | २५०,००० /- |

निर्णय नं. ८- वडा नं. ७ मा रहेको शहरी स्वास्थ्य केन्द्रको भवन अत्यन्त पुरानो र जीर्ण भएकाले उक्त भवन हटाई नयाँ भवन बनाउन आवश्यक प्रक्रिया अघि बढाउने ।

निर्णय नं. ९- पोखरा महानगरपालिका भित्र रहेका अटो मर्मत केन्द्रहरु शहरी क्षेत्रबाट एकीकृत रुपमा मुख्य शहरी क्षेत्र भन्दा वाहिर व्यवस्थापन गर्न वडा नं. ५ का पूर्व वडा अध्यक्ष श्री धनबहादुर नेपालीको कार्यदलको प्रतिबेदन अध्ययन गरि सिफारिस गर्न सरोकारवाला सहितको देहाय बमोजिमको कार्यदल गठन गर्ने ।

वडा नं. १६ को वडा-अध्यक्ष( यायात व्यवस्थापन समितिका संयोजक) श्री अमृत शर्मा तिमिल्सीना- संयोजक

वडा नं. १४ का वडा अध्यक्ष श्री बोध बहादुर कार्की- सदस्य

वडा नं. १५ का वडा अध्यक्ष श्री तोरण बहादुर कार्की- सदस्य

वडा नं. १९ का वडा अध्यक्ष श्री पुष्पेन्द्र पाण्डे - सदस्य

श्री सन्तोष कुमार मिश्र (अटो व्यवसायी समिति अध्यक्ष)- सदस्य

श्री योगेन्द्र राज भण्डारी (अटो व्यवसायी)- सदस्य

श्री विष्णु प्रसाद अधिकारी (अटो व्यवसायी)- सदस्य

मेकानिकल ईन्जियर सरोज चालिसे- सदस्य

स. इ. सुदिप दवाडी - सदस्य

ई. ध्रुव भट्टाराई - सदस्य सचिव

निर्णय नं. १० - कार्यपालिकाको पूर्व निर्णय अनुसार वडा नं. २० को कार्यालय भवन निर्माण गर्न श्री टेक बहादुर घर्तीबाट महानगरपालिकालाई निशुल्क प्राप्त भएको साविक भलाम गा.वि. स. वडा नं. ६ को कि. नं. ५३९ क्षेत्रफल ५०८.७४ बर्गमिटरको जग्गामा वडा कार्यालय भवन निर्माण गर्न **बहुवर्षीय खरिद प्रक्रिया** अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं. ११ - करारका कर्मचारको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको प. सं. ०७९/०८० च. नं. ३४७ मिति २०७९/११/२८ को आदेश कार्यान्वयन गर्ने सम्बन्धी प्राप्त पत्र, सो सम्बन्धि सम्मानित उच्च अदालत पोखराको फैसला, महानगरपालिकाको स्वीकृत दरबन्दी संरचना तथा लोकसेवा आयोगको परामर्श समेतका आधारमा कानुन बमोजिम गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।

निर्णय नं. १२ - महानगरपालिकामा सेवा करारमा कार्यरत बालविकास केन्द्रका शिक्षिका र सेविकाहरुको सेवा करारको म्याद मिति २०८० असार महिना सम्म थप गर्ने ।

निर्णय नं. १३ - देहाय बमोजिमका योजनामा जनसहमागिता जुटाउन नसकिने भएको भनि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भै आएकाले जनसहमागिता रकम छुट गर्ने ।

| क्र. सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | संगम चोक नहर विजयपुर सम्म रेलिङ्ग, स्ल्याव कल्भर्ट निर्माण | २६ |
| २ | ईलाका प्रहरी कार्यालयडाँकाको नाक भवन सम्बन्धमा | २६ |
| ३ | गडुवा खोला (PU Road) कल्भर्ट निर्माण | २९, ३० |
| ४ | डुंडाको मुखमा कल्भर्ट निर्माण | ३० |
| ५ | धारापानी मार्ग पहिरो नियन्त्रण | ५ |

निर्णय नं. १४ - पोखरा महानगरपालिकमा विश्व बैंकको सहयोगमा निर्माणाधिन तालचोक - बेगनास सडक आयोजनालाई द्रुत गतिमा अघि बढाउन सो आयोजनालाई निर्माण सामाग्री समयमै उपलब्ध हुने व्यवस्था मिलाउने महानगरपालिकाको पनि दायीत्व भएको र सो योजनालाई आवश्यक पर्ने नदीजन्य सामाग्री नियमानुसारको रोयल्टी

नगरपालिकालाई बुझाउने गरी आयोजना अवधि भरको लागि प्रचलित कानुन बमोजिम उत्खनन संकलन गर्ने गरी वडा नं. ३२ मा रहेको गढीघाटको दहत्तर बहत्तर उपलब्ध गराउन आवश्यक प्रक्रिया अघि बढाउने र यस अघि पोखरा- मुगलिङ्ग सडक आयोजना लाई दिईएको स्वीकृति बदर गर्ने ।

निर्णय नं. १५ - सार्वजनिक नीजि साझेदारी अन्तर्गत यस पूर्व ५५ औं कार्यपालिका बैठकबाट निर्णय भएको वडा नं. २७ र ३३ को बिचमा रहेको **सेती नदीको मोरेखहरे क्षेत्रमा सेती नदीमा स्थायी ड्याम निर्माण गरि नदीजन्य निर्माण सामाग्री संकलन, प्रशोधन र निकासी परियोजना** र वडा नं. १७ को **पातले छाँगोमा शीशाको पुल निर्माण तथा पर्यटन प्रबर्धन परियोजनाको** सम्बन्धमा थप अध्ययन गरी प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं. १६- पोखरा लाई पर्यटनको राजधानी घोषणा गर्न माग गर्दै समुन्नत पर्यटकिय पोखराको नारालाई अगाडी बढाईएको सन्दर्भमा पोखरालाइ सफा सुन्दर र हरियालीयुक्त सहर बनाउनु हाम्रो दायीत्व हुने हुँदा महानगर अन्तर्गत सफा र हरित पोखरा निर्माण गरिरहन Clean Pokhara - Green Pokhara कार्यक्रम अभियानको रुपमा लागु गर्ने यसको कार्यान्वयनका लागी पोखरा हरित परियोजना अन्तर्गत काम गर्ने गरी एक Clean Pokhara - Green Pokhara परियोजना सम्बन्धि कार्य गर्न आवश्यक प्राविधिक जनशक्ति र कार्यविधी तयार पारि अगाडी बढाउने निर्णय गरियो । कार्यविधी तयार पार्न प्रमुख प्रशासकीय अधिकृतलाइ जिम्मेवारी दिने निर्णय भयो ।

निर्णय नं. १७ - सामुदायीक विधालयको शैक्षिक गुणस्तर दिन प्रतिदिन खस्किदै गएको भन्ने सबैको अनुभुतीको सन्दर्भमा शैक्षिक सुधार गर्न आवश्यक सर्वत्र महसुस भैरहेको छ । पोखरा महानगरपालिकाको शिक्षा समिति र शिक्षा परिषदले पनि यस विषयमा गहन छलफल गरि सिफारिस गरे बमोजिम महानगरपालिका भित्रका विधालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न तत्कालको लागि देहाय बमोजिमका प्रक्रिया अघि बढाउने ।

(क) प्रधानाध्यापक प्रोत्साहन कार्यक्रमः- सामुदायीक विधालयको शैक्षिक गुणस्तर सुधार गर्ने प्रथम दायीत्व प्रधानाध्यापकको भएको हुँदा प्रधानाध्यापकको मनोबल उच्च बनाउन निजहरुलाई नेपाल सरकारबाट प्राप्त हुने भत्तामा थप गरी नपुग हुने रकम महानगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी आगामी शैक्षिक सत्रबाट देहाय बमोजिम मासिक प्रधानाध्यापक प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

१. कक्षा १ देखि ५ सम्मका प्राथमिक विधालयका प्रधानध्यापकलाइ मासिक रु. २०००/-

२. कक्षा १ देखि ८ सम्मका आधारभूत विधालयका प्रधानध्यापकलाई मासिक रु. ३०००/-

३. कक्षा ८ दखि माथि पढाई हुने माध्यामिक विधालयका प्रधानध्यापकलाई मासिक रु. ५०००/-

(ख) विधार्थी खाजा भत्ता - नेपाल सरकारबाट विधार्थी खाजा खर्च उपलब्ध हुने कक्षाका विधार्थीहरुको लागि महागरपालिकाको आन्तरिक स्रोतबाट ब्यहोर्ने गरी आगामी शैक्षिक सत्र देखि प्रति विधार्थी महानगरपालिकाको तर्फबाट प्रतिदिन खाजा बापत थप रु. १०/-उपलब्ध गराउने ।

(ग) सामुदायीक विधालयको शैक्षिक गुणस्तर थप सुधारको लागि महानगरपालिका क्षेत्रलाई ७ (सात) क्लष्टरमा विभाजन गरी विधालय समन्वय तथा शैक्षिक गुणस्तर बृद्धि गर्न शिक्षा विज्ञको रुपमा एजुकेशन काउन्सिलर नियुक्त गरी सामुदायीक विधालयको शैक्षिक अनुगमन सुपरिबेक्षण प्रभावकारी बनाउने । र यस सम्बन्धि कार्यविधि, तयार गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।

निर्णय नं. १८. १६ औं कार्यापालिका बैठकको निर्णय अनुसार डाँक बढाबढ भएका देहाय बमोजिमका घाटहरुको नदीजन्य समाग्री मिति २०७९/१२/२७ गते भएको लिलाम बढाबढ गर्दा कोही पनि डाँक बढाबढमा भाग लिन नआएको हुँदा यी र यस्तै अवस्थामा आईपुगेका अन्यघाटहरुको सन्दर्भमा एक पटक न्युनतम मुल्य र परिमाण नराखी डाँक बढाबढ गर्ने, डाँक बढाबढमा उचित मूल्य प्राप्त हुन नआएमा महानगरपालिकाले डाँक अस्वीकृत गर्नसक्ने प्रावधान राखी पुनः डाँक बढाबढ गर्ने । यस प्रक्रियाबाट पनि लिलाम हुन नसकेमा, नदीजन्य सामाग्री संकलन उत्खनन गर्न मिल्ने ज्येष्ठ मसान्त नजिक आईसकेकाले ठेक्का तथा डाँक बढाबढ प्रक्रिया अन्त्य गर्ने ।

| सि नं | घाटको नाम | IEE अनुसार उत्खनन योग्य परिमाण घ. मि. |
|---|---|---|
| १ | रामघाट | ४९६८० |
| २ | नारायणस्थान घाट | २११९ |
| ३ | याम्दी घाट | २४७५ |
| ४ | सिसौघारी घाट (दायाँ किनार) | २०१६ |

निर्णय नं. १९ - वडा नं. १७ का देहाय बमोजिमको योजनाहरु बोलपत्र तथा सम्झौता गर्दा ति शीर्षकमा बचत भएको देहाय बमोजिमको रुकम उक्त वडाको देहाय बमोजिमको योजनामा रकमान्तर गरि कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

| योजनाको नाम | बचत रकम रु. | बचत रकम थप गर्ने योजनाहरु | थप गर्ने रकम रु. |
|---|---|---|---|
| पिपलतारा सडक निर्माण, तल्लो रातो पैरो -१७ | ३८३७६८/१३ | म्युजियम मार्ग लेन १ र २ ओरालो निरन्तर | २५५७९१७/८३ |
| घारीकुलो गणेश पार्टी प्यालेस देखि सुवास नेपालको घर जाने बाटो स्तरोन्नती - १७ | ५६५४५२/७० | | |
| म्युजियम मार्गको लेन १ र २ म्युजियम ओरालो वडा नं. १७ | ६००४४९/९७ | | |
| रिद्दि सिद्दी मार्ग देखि फुस्रेखोला खेल मैदान बाटो, वडा नं. १७ | ६८८२५६/८१ | | |
| सम्झना टोल शान्ती टोल सडक निर्माण , वडा नं. १७ | ३१९९९०/२२ | | |
| जम्मा | २५५७९१७/८३ | | |

निर्णय नं. २०. यस महानगरपालिका वडा नं. ९, १० र ११ मा पर्ने रामघाटको नदीजन्य सामाग्री ठेक्का प्रक्रियामा जाँदा ४ (चार) पटकसम्म बोलपत्र आव्हान गर्दा पनि कुनै बोलपत्र दर्ता हुन नआएकोले स्थानीय मजदुरहरुको दैनिक समस्यालाई सम्बोधन गर्न ठेक्का व्यवस्था नभएसम्म शुल्क संकलन गर्न खटिएका कर्मचारीहरुबाट लापरवाही गरी शुल्क नलिई निकासी गर्न सहयोग पुर्‍याई नगरपालिकाको राजश्वमा क्षेति पुर्‍याएको भन्ने पब्लिक 4 k टेलिभिजनबाट प्रशारण भएको सन्दर्भमा जाँचबुझ गर्न गठित जाँचबुझ समितिले मिति २०७९/१२/३० पेश गरेको प्रतिबेदनमा शुल्क संकलनमा खटिएका कर्मचारीको गम्भीर लापरवाही, कमजोरी वा मिलिमतो भएको शंका गर्ने आधार देखिएकोले कानुन बमोजिम कडा कारवाहीको प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २१ -** नगर कार्यपालिकाको निर्णय अनुसार ठेक्का लगायको ढाब घाटको सम्बन्धमा सम्मानित उच्च अदालत पोखराको मिति २०७९/१२/०७ को अन्तरिम आदेश अनुसार मिति २०७९/१२/१२ मा ठेक्का रद्ध भएको निर्णय अनुमोदन गर्ने र सो अन्तरिम आदेशमा ठेक्का बन्दोबस्तीको कार्य नगर्नु नगराउनु भनि उल्लेख भएको वडा नं. १९ का घाटहरुको ठेक्का प्रक्रिया स्थगित गर्ने ।

**निर्णय नं. २२-** आ. व. २०७८ /०७९ मा वडा नं. २६ को लक्ष्मी मा.वि. घैटेखोर मार्ग स्तरोन्नती कार्य गर्न सम्झौता भएको अमर कन्स्ट्रक्सन, लेखनाथ कास्कीलाई भुक्तानी दिन बाँकी रकम रु. ४,१३,३६५/- प्रमुख प्रशासकीय अधिकृत स्तरको मिति २०७९/०७/२० मा निर्णय समेत भएकाले चालु आ.व.मा विनियोजन भएको भैपरी आउने पुंजीगत शीर्षकबाट रकमान्तर गरी भुक्तानी दिने ।

**निर्णय नं. २३-** चालु आ.व. वडा नं. ४ मा बहुउदेश्यीय भवन बनाउन रु. १,५०,००००० /-विनियोजन भएकोमा वडा कार्यालयको सिफारिस बमोजिम विगतमा वडा कार्यालय रहेको सार्वजनिक जग्गामा नियमानुसारको मापदण्ड पालना गरि सामुदायीक भवन निर्माण गर्न प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. २४-** पोखरा महानगरपालिकाको खेलकुद विकास समितिद्धारा आयोजना हुने अन्तर वडास्तरीय फुटवल प्रतियोगिताको पुरस्कार रासी संशोधन गरि प्रथम पुरस्कार रु. १,५०,०००/- द्धितिय पुरस्कार रु. १००,०००/- कायम गर्ने ।

**निर्णय नं. २५ -** चालु आ.व. मा गौशाला सहित गोरक्ष योग सेण्टर पूर्वाधार निर्माण शीर्षकमा बिनियोजन भएको रकम रु. ३,५०,०००००/- मध्ये देहायको कार्यक्रममा देहाय देहाय बमोजिम रकम बाँडफाँड गर्ने ।

| सि. नं. | खर्च शीर्षक नं. | कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|---|
| १ | ३११५९ | वडा नं.१४ बाच्छे बुडुवामा रहेको गौशालामा पूर्वाधार निर्माण | ५०,००,०००/- |

**निर्णय नं. २६ -** विगत आ.व. मा काम सम्पन्न भएको वडा नं. ६ चिसाखोला मार्गमा चेक ड्याम निर्माण कार्यको भुक्तानी दिन बाँकी रकम रु. २५६०००/- चालु आ.व.मा विनियोजन भएको भैपरी आउने पुंजीगत शीर्षकबाट रकमान्तर गरी भुक्तानी दिने ।

**निर्णय नं. २७-** चालु आ.व. मा सामाजिक विकास महाशाखा अन्तर्गतको **ज्येष्ठ नागरिक मिलन केन्द्र सहयोग** कार्यक्रम तर्फ खर्च शीर्षक नं. २२५२२ मा विनियोजन भएको रु. ३,३०,०००००/- रकम मध्येबाट देहायका संस्थालाई देहाय बमोजिम रकम बाँडफाँड स्वीकृत गर्ने ।

| सि. नं. | संस्थाको नाम | कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|---|
| १ | गतिशील महिला आमा समूह वडा नं. ५ | दिवा सेवा केन्द्रमा खाजा, भ्रमण, बाध्यबादान सामाग्री ई. | १०००००/ |
| २ | सिद्ध बराह ज्येष्ठ नागरिक मिलन केन्द्र वडा नं. २३ | केन्द्र मर्मत, बार, जिप्सम | २०००००/- |
| ३ | ज्येष्ठ नागरिक मंच वडा नं.१७ | दैनिक दिवा सेवा केन्द्रमा खाद्यान्न, कार्पेट, सामाग्री, | २०००००/- |
| ४ | वडा स्तरिय ज्येष्ठ नागरिक समिति वडा नं. २९ | दिवा सेवा केन्द्रमा खाजा, बाध्यबादान सामाग्री ई. | १०००००/- |
| ५ | ज्येष्ठ नागरिक सरोकार समाज नेपाल कास्की वडा नं. ९ | दिवा सेवा केन्द्रमा खाजा, भ्रमण, बाध्यबादान सामाग्री ई. | १०००००/- |

निर्णय नं. २८ - चालु आ.व. मा गौरवका योजनामा विनियोजन भएको फोहोर मैला व्यवस्थापन प्रशोधन केन्द्र र आधुनिक ल्याण्डफिल्ड साईडको निर्माण (जग्गा प्राप्ती पूर्वाधार निर्माण तथा अध्ययन) खर्च शीर्षक ३११५९ मा विनियोजन भएको रु. ५,५०,०००००/- रकम मध्येबाट देहाय बमोजिम बाँडफाँड स्वीकृत गर्ने ।

| सि. नं. | पेज नं. | खर्च शिर्षक | कार्यक्रमको नाम | विनियोजित रकम रु. |
|---|---|---|---|---|
| १ | १७५ | ३११५९ | पोखरा ३२ लामेआहाल पृथ्वीराजमार्ग पिपलबोट चौतारी देखि फोहोरमैला व्यवस्थापन क्षेत्र सम्मको पहुँचमार्ग निर्माण तथा कालोपत्र गर्ने | ६५,००,०००।- |
| २ | १७५ | ३११५९ | पोखरा ३२ लामेआहाल राधाकृष्ण मन्दिरपरिसरमा ५ कोठे भवन निर्माण | ३५ ,००,०००।- |
| ३ | १७५ | ३११५९ | राधाकृष्ण बृद्धाश्रम मुनीको पैह्रोमा फोहोर व्यवस्थापन गर्ने स्थानमा पहिरो नियन्त्रणका लागि नदि किनारबाट ३ तहको ग्याविन जालि लगाउने र ४.४ मी उचाइको RCC Retaining wall निर्माण गर्ने | ९८,००,०००।- |
| ४ | १७५ | ३११५९ | पोखरा ३२ फोहोर व्यवस्थापन गर्ने क्षेत्रमा एक कोठे कार्यालय भवन निर्माण | ३,३०,००० ।- |
| ५ | १७५ | ३११५९ | फोहोर व्यवस्थापन कार्य एवं आवस्यक Equipment खरिद | ९५,००,०००।- |
| ६ | १७५ | ३११५९ | राधाकृष्ण मन्दिर र वृद्दाआश्रममा खानेपानी पाईप विस्तार | ५,००,०००। |
| ७ | १७५ | ३११५९ | लामेआहाल खहरेखोला पिच निर्माण | ३०,००,०००। |
| ८ | १७५ | ३११५९ | सरसफाई सामाग्री र किटनासक औषधी | २,००,०००। |
| ९ | १७५ | ३११५९ | पोखरा ३२ लामेआहाल मुल बाटो देखि फोहोरमैला व्यवस्थापन क्षेत्र सम्म पहुचमार्गमा खाल्डा खुल्डी पुर्ने | १५,००,०००। |
| १० | १७५ | ३११५९ | राधाकृष्ण टोल विकास संस्था , लामेआहाल टोल विकास संस्था र नयाँ वस्ती टोल विकास संस्थाको भवन मर्मत तथा निर्माणको लागि | १५,००,०००। |
| ११ | १७५ | ३११५९ | फोहोर पुर्नको लागि माटो खरिद तथा ढुवानी | ९५,००,०००। |
| १२ | १७५ | ३११५९ | फोहोर व्यवस्थापन स्थलमा रेखदेख र पालो पहराको लागि २ जना कर्मचारी तलव भत्ता खर्च | ४,००,०००। |
| १३ | १७५ | ३११५९ | गुरु कुल स्कुल मार्गमा कम्पाउण्ड गर्ने | ६,००,०००। |
| १४ | १७५ | ३११५९ | अस्थायी शौचालय र पानीको व्यवस्थापन | ३,००,०००। |
| | | | जम्मा | ४,७१,३०,०००। |

निर्णय नं. २९ - वडा नं. १७ का देहायको योजना बोलपत्र तथा सम्झौता गर्दा बचत भएको देहाय बमोजिमको रकम उक्त वडाको देहाय बमोजिमको योजनामा रकमान्तर गरि कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

| योजनाको नाम | लगत अनुमान रकम रु. | बचत रकम | बचत रकम थप गर्ने योजनाहरु | थप गर्ने रकम रु (ल.ई. बमोजिम) |
|---|---|---|---|---|
| शहरी स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं १७ | ९५५८१८९।६९ | २३४०९८४।९२ | रिदिसिद्दि मार्ग फुस्रेखोला खेल मैदान बाँकी बाटो ढलान, वडा नं. १७ | २२,६६,७८७/- |

निर्णय नं. ३०- यस निर्णयको निर्णय नं. १४ मा गढीघाटको सन्दर्भमा भएको निर्णयअनुसार तालचोक - बेगनास सडक आयोजनालाइ उपलब्ध गराउने नदीजन्य सामाग्री संकलन तथा निकासीको लागि अवधि अत्यन्त कम भएको र नियमित प्रक्रिया वा मानव श्रमबाट मात्र तोकिएको १०१४२ घ. मि. सामाग्री संकलन तथा निकासी गर्न असम्भव जस्तै भएकाले महानगरपालिकाले तोकेको विधि अनुसार प्राविधिकको प्रत्यक्ष निगरानीमा न्युनतम संख्यामा उपकरण प्रयोग गरी सामाग्री संकलन तथा निकासीको व्यवस्था मिलाउने ।

निर्णय नं. ३१ - गत आ.व. २०७८/०७९ मा सम्झौता तथा निर्माण सम्पन्न भै काम सम्पन्न भएको वडा नं. ३३ को चिसापानी सामुदायीक भवनको भुक्तानी दिन बाँकी रकम रु. ३,४६,०००/- चालु आ.व.मा विनियोजन भएको नैपरी आउने पुंजीगत शीर्षकबाट रकमान्तर गरी भुक्तानी दिने ।

निर्णय नं. ३२. - पोखरा महानगरपालिकाबाट सार्वजनिक निजी साझेदारी विधिबाट संचालन हुने परियोजनाहरुको अध्ययन, सर्वेक्षण, विकास, संचालन तथा विस्तारका लागि आशयपत्र, प्रस्ताव मूल्याङ्कनको गर्न "सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७" को नियम ३० बमोजिम देहाय बमोजिमको मूल्याङ्कन समिति गठन गर्ने ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत - | संयोजक |
| विषय विशेषज्ञ श्री गणेश पौडेल, बालाजु हाईट, काठमाण्डौ | सदस्य |
| बरिष्ठ कानुन अधिकृत श्री नारायण शर्मा- | सदस्य |
| बरिष्ठ ईन्जिनियर श्री रविचन्द्र घिमिरे - | सदस्य |
| ईन्जिनियर श्री नेत्र प्रसाद तिमिल्सीना- | सदस्य- सचिव |

निर्णय नं. ३३- पोखरा महानगरपालिका वडा नं. ६ को बाराही चोकमा रहेको भि एन वाई पार्कमा सार्वजनिक शौचालय आवश्यक भएको सन्दर्भमा सो स्थानमा महानगरले तोकेको मापदण्ड बमोजिम आधुनिक सार्वजनिक शौचालय निर्माण, संचालन र व्यवस्थापन गर्न सूर्य नेपाल प्रा.लि. र एरोसान स्टेनेवल स्यानिटेसन प्रा.लि. कम्पनीले प्रस्ताव गरेकाले आवश्यक शर्तहरु सहितको सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।